# सगरमाथा फाइनान्स लिमिटेड

# Sagarmatha Finance Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था)
मानभवन, ललितपुर
फोन : ५५४७८४१, ५००८८००, ५५३५१५८ फ्याक्स : ५५३५४१९
www.smb.com.np; info@smb.com.np

को

## संस्थापक तथा सर्वसाधारण समुहको हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७३/११/२६**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७३/१२/०२**

यस सगरमाथा फाइनान्स लि. को हकप्रद शेयरको लागि मिति २०७३/०९/११ देखि मिति २०७३/१०/१७ सम्म बिक्री खुला गरी दरखास्त माग गरिएकोमा **संस्थापक समूह अन्तर्गतको जम्मा ७,२०,३१८.८३ कित्ता र सर्वसाधारण समूह अन्तर्गतको जम्मा १,६७,१४४.१७ कित्ताको** लागि आवेदन नपरेकोले नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशन, २०७३ तथा धितोपत्र निष्काशन निर्देशिका, २०६५ को दफा ७(८) को व्यवस्था बमोजिम उक्त बाँकी शेयरहरु बोलकबोल मार्फत बढाबढ गरि बिक्री गर्ने यस कम्पनीको संचालक समितिको निर्णय अनुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले मिति २०७३/१२/०२ गते भित्र यस कम्पनीको केन्द्रिय कार्यालय मानभवन, ललितपुरमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**लिलाम बढाबढद्वारा बिक्री गरिने धितोपत्रको विवरण :**

**संस्थापकहरुको लागि मात्र बिक्री गर्नुपर्ने शेयर : ७,२०,३१८.८३ कित्ता**

**सर्वसाधारणहरुको लागि मात्र बिक्री गर्नुपर्ने शेयर : १,६७,१४४.१७ कित्ता**

**शर्तहरू :**

१. बोलपत्र आवेदन फाराम सगरमाथा फाइनान्स लिमिटेडको केन्द्रिय कार्यालय मानभवन, ललितपुरबाट रू. १००/- (एक सय) नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले बिभिन्न मूल्यमा शेयर खरिदको लागि भिन्दा भिन्दै खाम भित्र शिलवन्दी गरी आवेदन दिनु पर्नेछ ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिइने छैन ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर तथा हितग्राही खाता नं. र कम्पनीको शेयरधनी भएमा आफ्नो शेयरधनी नम्बर लगायत बोलपत्र आबेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

५. बोलपत्र पेश गर्दा संस्थापक तर्फ न्यूनतम १००० कित्ता र सर्वसाधारण तर्फ न्यूनतम १०० कित्ता वा सो भन्दा बढीको लागि १० ले भाग जाने गरी नेपाल राष्ट्र बैंकले तोकको सीमाको अधिनमा रहने गरी संस्थापकतर्फ अधिकतम **७,२०,३१८.८३** कित्ता र सर्वसाधारणतर्फ अधिकतम **१,६७,१४४.१७** कित्ताका लागि निवेदन दिन सकिने छ । साथै संस्थापकतर्फ आफ्नो आयको विवरण वा स्वःघोषणा समेत पेश गर्नुपर्नेछ ।

६. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम यस सगरमाथा फाइनान्स लिमिटेडको केन्द्रिय कार्यालय, मानभवनमा रहेको धरौटी खाता नं. १-०८-०६-१६ मा धरौटी वापत जम्मा गरेको सक्कल नगद भौचर संलग्न गर्नुपर्नेछ । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा यस संस्थाको नाममा जारी गरिएको बैंक वा वित्तिय संस्थाको **Good For Payment** गरिएको **A/c Payee Cheque** संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिइने छैन । साथै **Good For Payment** गर्दा लाग्ने शुल्क आवेदक स्वयंले नै व्यहोर्नु पर्नेछ ।

७. बोलपत्रदाता संगठित संस्था/फर्म/कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा संचालक समितिको निर्णय तथा अख्तियारनामाको प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।

८. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर संस्थापक शेयर खरिद गर्ने भए **"संस्थापक शेयर खरीद आवेदन"** र सर्वसाधारण शेयर खरिद गर्ने भएमा **"सर्वसाधारण शेयर खरीद आवेदन"** भनी उल्लेख गरेको हुनु पर्नेछ । शिलबन्दी बोलपत्र लाहाछाप गरिएको हुनु पर्नेछ ।

९. बोलपत्र मिति २०७३/१२/०२ गते बुधबार अपरान्ह ३:०० बजे भित्र यस कम्पनीको केन्द्रिय कार्यालय मानभवन, ललितपुरको शेयर विभागमा दर्ता गरी सक्नु पर्नेछ ।

१०.बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

११.बोलपत्रहरु मिति २०७३/१२/०४ गते शुक्रबार दिउँसो १:०० बजे यस कम्पनीको केन्द्रिय कार्यालय मानभवन, ललितपुरमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन दिनको १:०० बजे यस संस्थाको केन्द्रिय कार्यालय, मानभवन, ललितपुरमा बोलपत्र खोलिनेछ ।

१२.रितपूर्वक प्राप्त बोलपत्रहरुमध्ये सबैभन्दा बढी बोल कबोल गर्ने आवेदकलाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिने छ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरु पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा शेयर बाँडफाँड गरिनेछ । यसरी समानुपातिक रुपमा बाँडफाँड गर्दा समेत केही शेयर रहन गएमा यस कम्पनीको संचालक समितिको निर्णयानुसार हुनेछ ।

१३.बोलपत्र आवेदनहरु मध्ये बाँडफाँडमा नपरेका आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम मिति २०७३/१२/१० गते देखि संस्थाको केन्द्रिय कार्यालय, मानभवन, ललितपुरबाट फिर्ता भुक्तानी गरिनेछ । साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१४.कथंकदाचित शेयर खरीदको लागि कुनै बोलपत्र पेश हुन नआएमा वा बिक्री गरिने सम्पूर्ण शेयरका लागि बोलपत्र पेश हुन नआएमा वा आंशिक बोलपत्र पेश भई बाँकी रहन जाने भएमा यस कम्पनीको संचालक समितिको निर्णय बमोजिम हुनेछ । शेयर विक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने अधिकार यस कम्पनीको संचालक समितिमा निहीत रहने छ । साथै बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस कम्पनीको संचालक समितिमा रहनेछ ।